नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकको संयुक्त बैठकमा भाग लिई गभर्नर खतिवडा स्वदेश फिर्ता

गभर्नर डा. युवराज खतिवडा जापानको टोकियोमा आयोजित अन्तर्राष्ट्रिय मुद्रा कोष तथा विश्व बैंकको संयुक्त वार्षिक बैठकमा भाग लिई आज असोज ३० गते स्वदेश फर्कनुभयो । बैठकको क्रममा आयोजित विभिन्न उच्च स्तरीय सेमिनारहरूमा गभर्नर खतिवडाले वक्ताको रूपमा भाग लिनुका साथै विभिन्न क्षेत्रीय र द्विपक्षीय बैठकहरूलाई सम्बोधन समेत गर्नुभएको थियो ।

गभर्नर खतिवडाले कोषका डेपुटी म्यानेजिङ डाइरेक्टर नेमत सफिकको अध्यक्षतामा १० अक्टोवरका दिन आयोजित "High Level Seminar on Developing Capacity : A Partnership for Sustainable Growth" विषयक कार्यक्रममा प्यानलिष्टको रूपमा भाग लिनुभयो । सो अवसरमा उहाँले मुद्रा कोषले सदस्य राष्ट्रहरूलाई प्रदान गरेको प्राविधिक सहयोगको विवेचना गर्दै विश्व अर्थतन्त्रका सामु नयाँ खालका चुनौतीहरू देखा परिरहेको सन्दर्भमा कोषका क्रियाकलापहरूमा तदनुरूप परिमार्जन गर्नुका साथै प्रभावकारितामा समेत वृद्धि गर्नुपर्ने मन्तव्य राख्नुभयो । उक्त कार्यक्रममा टिमोर लिस्टे तथा सियरालियोनका अर्थमन्त्रीहरू र हार्बर्ड विश्वविद्यालयका प्राध्यापक लगायतका व्यक्तिहरू पनि प्यानलिष्टका रूपमा रहेका थिए ।




यसै गरी ११ अक्टोबर अपराह्नमा विश्व बैंकका भाइस प्रेसिडेन्टद्वारा अध्यक्षता गरिएको "South Asia and the Global Economic Crisis" विषयक छलफल कार्यक्रममा बोल्दै गभर्नर खतिवडाले दक्षिण एसियाली क्षेत्रको Integration मा अर्थतन्त्रको आकार र भौगोलिक अवस्थितिका कारण स्वाभाविक रूपमा भारतको महत्वपूर्ण स्थान रहने कुरा उल्लेख गर्दै दक्षिण एसियाली क्षेत्रीय सहयोगलाई साँचो अर्थमा उपलब्धिमूलक बनाउनुपर्ने खाँचो रहेको राय व्यक्त गर्नुभयो । दक्षिण एसियाको व्यापार वृद्धिका लागि लगानी बढाउनुपर्ने र पूर्वाधार तथा सेवा क्षेत्रको लगानीले क्षेत्रीय व्यापार तथा आर्थिक एकीकरणमा थप सहयोग पुऱ्याउने कुरा उहाँले बताउनुभयो ।

१४ अक्टोबरका दिन मुद्रा कोषका म्यानेजिङ डाइरेक्टर क्रिष्टिन लेगार्डद्वारा अध्यक्षता गरिएको "Frontier and Developing Asia and Pacific Countries" विषयक विशेष कार्यक्रममा बोल्दै गभर्नर खतिवडाले मुद्रा कोषको प्रमुख कार्यक्षेत्र विश्वको समष्टिगत आर्थिक स्थितिको अनुगमन गरी सदस्य राष्ट्रहरूलाई सल्लाह दिनु भए तापनि बदलिँदो विश्व आर्थिक परिवेश र विकासोन्मुख अर्थतन्त्रहरूको आवश्यकतालाई ध्यानमा राख्दै कोषले आफ्नो दायरालाई विस्तार गरी आर्थिक वृद्धि लक्षित कार्यक्रमहरू पनि अघि बढाउनुपर्ने विचार व्यक्त गर्नुभयो । यस क्रममा कोष प्रमुख लेगार्ड तथा गभर्नर खतिवडाबीच केही समय प्रश्नोत्तर चलेको थियो ।

त्यस्तै साइडलाइन मिटिङका रूपमा अक्टोवर १४ कै बिहान माल्दीभ्सका गभर्नरको अध्यक्षतामा सार्क फाइनान्स ग्रुप मिटिङ सम्पन्न भयो । उक्त बैठकमा १० वटा विषयवस्तुमा छलफल गरिनुका साथै २०१३ को वार्षिक कार्यक्रमको खाका तय गरिएको छ । बैठकमा प्राय जसो गभर्नरहरूले २०१२ को मे महिनामा पोखरामा आयोजित सार्क फाइनान्स गभर्नरहरूको बैठक अविस्मरणीय रहेको उल्लेख गर्दै आयोजक नेपाल राष्ट्र बैंकलाई  धन्यवाद प्रदान गरेका थिए ।

अन्तराष्ट्रिय मुद्रा कोषको प्रमुख दाता मध्येको एक जापान सरकारको तर्फबाट एक उच्च स्तरीय टोलीले गभर्नर डा. खतिवडासँग एक छुट्टै भेटको आयोजना गरी मुद्रा कोषका क्रियाकलापलाई आगामी दिनमा थप प्रभावकारी कसरी बनाउन सकिन्छ भन्ने बारेमा विचार विमर्श गरेको थियो ।

गभर्नर खतिवडाका साथ अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठले समेत उक्त संयुक्त बैठकहरूमा भाग लिनुभएको थियो ।

सो बैठकमा भाग लिन उहाँहरू असोज २२ गते त्यसतर्फ प्रस्थान गर्नुभएको थियो ।

२०६९ असोज ३० गते मङ्गलबार

गभर्नरको कार्यालय